सेतोपाटी
नेपालको डिजिटल पत्रिका

# चौधरी फाउण्डेसनले 'डुइङ गुड इन्डेक्स' सर्वेक्षण संचालन गर्ने

**सेतोपाटी संवाददाता** काठमाडौं, वैशाख २४




चौधरी फाउण्डेसनले नेपालमा पहिलो पटक 'डुइङ्ग गुड इन्डेक्स' (डिजीआई २०२०) सर्वेक्षण संचालन गर्ने भएको छ।

डुइङ गुड इन्डेक्सको प्रकाशन हङ्गकङ्ग स्थित संस्था 'सेन्टर फर एसियन फिलान्थ्रोपी एण्ड सोसाइटी'द्वारा गरिँदै आएको छ।

चौधरी फाउण्डेसन र क्याप्सबीच सन् २०१८ नोभेम्बरमा नेपालमा डुइङ्ग गुड इन्डेक्स सर्वेक्षण गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको हो।

कम्पनीका अनुसार सर्वेक्षणको प्रमुख उदेश्य एसियाली राष्ट्रहरुमा लोकोपकारी क्षेत्रमा लगानीको मात्रा र गुणस्तरमा

बृद्धि गर्नु रहेको छ। जसअन्तर्गत यस क्षेत्रको नियमनकारी व्यवस्था, कर प्रणाली, खरिद प्रकृया एवं सामाजिक वातावरण आदि जस्ता क्षेत्रको जानकारी हासिल गर्दै सामाजिक क्षेत्रमा लगानी प्रदान वा प्राप्त गर्ने सम्बन्धी प्रावधानको बारेमा अध्ययन गरिने छ।

यस सर्वेक्षणले सामाजिक क्षेत्रमा काम गर्ने संघ संस्थाहरुका लागि लगानी जुटाउन कठिनाइ, योग्य जनशक्तिको अभाव, कर्मचारीतन्त्रमा व्याप्त रेड टेपिज्म आदि जस्ता विविध चुनौतीहरुको समाधानका उपायको पहिचान गर्न मद्दत पु¥याउने कम्पनीको दाबी छ।

त्यसैगरी सामाजिक क्षेत्रमा कार्यरत संस्थाहरुलाई कानुनी रुपमा दर्ता गर्न, लगानी बृद्धि गर्न, कर सहुलियत एवं सार्वजनिक करार प्राप्त गर्ने आदि कार्यमा पनि सर्वेक्षण सहयोगी रहने जनाइएको छ।

कार्यक्रममा बोल्दै चौधरी गुरपका प्रवन्ध निर्देशक निर्वाण चौधरीले ‘डुइङ गुड’ इन्डेक्सले सामाजिक क्षेत्रमा विश्वासको वातावरण, परोपकारी भावनाको विकास एवं यस क्षेत्रको व्यवसायीकतालाई वढावा दिने जस्ता सकारात्मक नतिजा प्रदान गर्नमा महत्वपूर्ण भूमिका खेल्ने बताए।

*प्रकाशित मिति: मंगलबार, वैशाख २४, २०७६, ०५:५३:००*

*Story Link:* https://www.setopati.com/kinmel/others/180228

nepalkhabar

# हङकङको क्याप्ससँग मिलेर डुइङ्ग गुड इन्डेक्स सर्वेक्षण गर्दै चौधरी फाउण्डेसन

**काठमाडौं बैशाख २४**




चौधरी फाउण्डेसनले नेपालमा पहिलो पटक डुइङ्ग गुड इन्डेक्स (डि.जी.आई. २०२०) सर्वेक्षण सञ्चालन गर्ने भएको छ।

फाउण्डेसनले मंगलबार यसका लागि विज्ञहरूसँग बृहत अन्तक्रियरया गरेको छ। सामाजिक एवं सार्वजनिक क्षेत्रका विज्ञहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा सर्वेक्षणका विविध आयामहरुमा छलफल गरिएको जनाएको छ।

डुइङ गुड इन्डेक्सको प्रकाशन हङकङस्थित संस्था 'सेन्टर फर एसियन फिलान्थ्रोपी एण्ड सोसाइटी (क्याप्स) द्वारा गरिँदै आएको फाउन्डेसनले जनाएको छ। चौधरी फाउण्डेसन र क्याप्सबीच सन् २०१८ नोभेम्बरमा नेपालमा डुइङ्ग गुड इन्डेक्स सर्वेक्षण गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको थियो।

यस सर्वेक्षणको प्रमुख उद्देश्य एसियाली राष्ट्रहरुमा लोकोपकारी क्षेत्रमा लगानीको मात्रा एवं गुणस्तरमा वृद्धि गर्नु रहेको छ। जसअन्तर्गत यस क्षेत्रको नियमनकारी व्यवस्था, कर प्रणाली, खरिद प्रक्रिया एवं सामाजिक वातावरण आदि जस्ता क्षेत्रको जानकारी हासिल गर्दै सामाजिक क्षेत्रमा लगानी प्रदान वा प्राप्त गर्ने सम्बन्धी प्रावधानबारे अध्ययन गरिनेछ।

यस सर्वेक्षणले सामाजिक क्षेत्रमा काम गर्ने संघ संस्थाहरुका लागि सामाजिक क्षेत्रमा लगानी जुटाउन कठिनाइ, योग्य जनशक्तिको अभाव, कर्मचारीतन्त्रमा व्याप्त रेड टेपिज्म आदि जस्ता विविध चुनौतीहरुको समाधानका उपायको पहिचान गर्नमा मद्दत पुर्याउनेछ ।

त्यसैगरी सर्वेक्षणले सामाजिक क्षेत्रमा कार्यरत संस्थाहरुलाई कानुनी रुपमा संस्था दर्ता गर्न, लगानी वृद्धि गर्न, कर सहुलियत एवं सार्वजनिक करार प्राप्त गर्ने आदि जस्ता कार्यमा पनि टेवा पुग्ने विश्वास फाउण्डेसनले लिएको छ ।

कार्यक्रममा बोल्दै चौधरी ग्रुपका प्रवन्ध निर्देशक निर्वाण चौधरीले डुइङ गुड इन्डेक्सले सामाजिक क्षेत्रमा विश्वासको वातावरण, परोपकारी भावनाको विकास एवं यस क्षेत्रको व्यवसायीकतालाई बढावा दिने जस्ता सकारात्मक नतिजा प्रदान गर्नमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

त्यस्तै योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्लेले आजको दुनियाँमा आर्थिक वृद्धिदरसँगसँगै ह्यापिनेस पनि उत्तिकै महत्वपूर्ण रहेको विश्लेषण गर्दै डुइङ गुड इन्डेक्सले नेपाली समाजको अध्ययनमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरे।

सर्वेक्षणको नतिजा सन् २०२० मा प्रकाशित गर्ने लक्ष्य छ। यसले नेपालको विकास प्रकृयामा लिनुपर्ने थप रणनीतिका बारेमा मार्गदर्शन गर्ने विश्वास पनि लिइएको छ।

प्रकाशित २४ बैशाख २०७६, मंगलबार | 2019-05-07 17:39:41

Story Link: https://nepalkhabar.com/np/news/business/61417/

# Chaudhary Foundation to run Doing Good Index survey in Nepal

May 8, 2019 08:34 AM Republica



Photo: Keshab Thoker

KATHMANDU, May 8: Chaudhary Foundation will run the survey for Doing Good Index (DGI) 2020 in Nepal. At an event organized in Kathmandu on Tuesday, the foundation announced that the survey will examine the environment for philanthropic works and private social investment in the country.

Center for Asian Philanthropy and Society, a Hong Kong-based organization, runs the survey across 17 Asian economies. Chaudhary Foundation will lead the survey for Nepal, according to information provided on the occasion.

"The Doing Good Index will help us in creating an environment of trust, promote a feeling of altruism, and encourage a practice of giving," Managing Director of Chaudhary Group Nirvana Chaudhary said on the occasion.

The survey will be conducted among organizations and entities from the private and non-government sectors that work for social good in the country.

The index serves as a unique and useful body of data for Asian governments as well as for nonprofits, foundations and charities in Asia, to learn from each other, according to the foundation.

The index analyzes four key areas – tax and fiscal policy, regulatory regimes, socio-cultural ecosystem, and government procurement – that affect the functioning and delivery of social goods by organizations in Nepal. The index reveals how Asian economies are catalyzing philanthropic giving, the foundation said.

"One of the major objectives of the survey is to research and promote public policies that best enable the giving and receiving of private social investment," the foundation added.

Story Link: https://myrepublica.nagariknetwork.com/news/chaudhary-foundation-to-run-doing-good-index-survey-in-nepal/